प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

## माछामासु तथा डेरी पसल निर्माण/सुधार सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रिस्तरीय निर्णयबाट मिति २०७७/०६/११ मा स्वीकृत)

उपभोक्तालाई स्वच्छ र गुणस्तरीय माछामासु तथा माछामासुजन्य पर्दाथ र दूध तथा दुग्धजन्य पदार्थहरु उपलब्ध गराउन गण्डकी प्रदेश सरकारको “बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७” को दफा ४० ले दिएको अधिकार प्रयोग गरी माछामासु वा डेरी पसल निर्माण/सुधार सम्बन्धी कार्यक्रम संचालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएको छ ।

### १. आवेदकको योग्यता र पेश गर्नुपर्ने कागजातहरु :

**१.१ आवेदकको योग्यता :**

क) आवेदक फर्म, समूह, समिति वा सहकारी हुनुपर्नेछ।

ख) माछामासु पसल कम्तिमा १०० वर्ग फिट र डेरी पसल कम्तिमा १२० वर्ग फिट क्षेत्रफलमा संचालन गर्ने हुनुपर्नेछ।

ग) विगत २ वर्ष देखि माछामासु वा डेरी पसलको संचालन गरिरहेको हुनुपर्नेछ।

**१.२ पेश गर्नुपर्ने कागजातहरु :**

क) आवेदकको कम्तिमा ५० प्रतिशत लागत साझेदारी हुने गरी बुँदा नं ३ बमोजिमको ढाँचामा तयार गरिएको प्रस्ताव पेश गर्नुपर्नेछ।

ख) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १६ को उपदफा (३) मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ।

### २. प्रस्ताव छनौटको लागि मूल्याङ्कनका आधारहरु :

| क्र.सं. | विवरण | अंक भार |
|---|---|---|
| १ | **व्यवसायिक योजनाको प्रस्ताव (लागत र समय, रोजगारी सृजना, उत्पादन तथा उत्पादकत्व वृद्धि, बजारीकरण)** | २० |
| **१.१** | **लागत** | **५** |
| १.१.१ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१.५ भन्दा बढी भएको | ५ |
| १.१.२ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१ भन्दा बढी १:१.५ सम्म भएको | ४ |
| १.१.३ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१ भएको | ३ |
| **१.२** | **रोजगारी सृजना** | **५** |
| १.२.१ | एकाघर भन्दा बाहिरको कम्तिमा थप एक जनालाई रोजगारी दिने | ५ |
| १.२.२ | एकाघर भन्दा बाहिर रोजगारी नदिने | ३ |
| **१.३** | **बजारीकरण** | **१०** |
| १.३.१ | मासिक रु ५००००/- वा सो भन्दा बढीको माछामासु वा दुग्धजन्य पदार्थको विक्री | १० |

| | | |
|---|---|---|
| | गर्ने | |
| १.३.२ | मासिक रु ५००००/- भन्दा कमको माछामासु वा दुग्धजन्य पदार्थको विक्री गर्ने | ६ |
| **२** | **पूर्वाधार र प्राविधिक उपयुक्तता** | **१०** |
| २.१ | **पूर्वाधार** | **५** |
| २.१.१ | बाटो, पानी र बिजुलीको सुविधा भएको | ५ |
| २.१.२ | बाटो, पानी र बिजुली मध्ये कुनै १ वा १ भन्दा बढी सुविधा नभएको | ३ |
| **२.२** | **प्राविधिक उपयुक्तता** | **५** |
| २.२.१ | पर्याप्त र उपयुक्त जमिन भएको, वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरणको उपायहरु अबलम्बन गरेको/गर्ने | ५ |
| २.२.२ | पर्याप्त र उपयुक्त जमिन नभएको, वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरणको उपायहरु अबलम्बन नगर्ने | ३ |
| **३** | **आवेदकको अनुभव तथा क्षमता** | **५** |
| ३.१ | ३ वर्ष वा सो भन्दा बढी | ५ |
| ३.२ | ३ वर्ष भन्दा कम | ३ |
| ४ | **अपेक्षित नतिजा र दिगोपना** | **५** |
| **५** | **अघिल्ला दुई आ.व. मा कुनै कार्यालयबाट अनुदान लिए/नलिएको** | **१०** |
| ५.१ | नलिएको | १० |
| ५.२ | प्रस्तावमा उल्लेखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नको लागि लिएको | ५ |
| **जम्मा** | | **५०** |

*नोटः कार्यालयले प्रस्ताव छनौट गर्नु पूर्व स्थलगत अनुगमन गर्नुपर्नेछ। स्थलगत अनुगमन गर्दा बजारीकरण, पूर्वाधार, प्राविधिक उपयुक्तता लगायतको प्रस्तावमा उल्लेखित विवरणहरुको तालमेल मिले नमिलेको हेरी मात्र मूल्याङ्कन गर्नुपर्नेछ।*

**३. प्रस्तावको ढाँचा**

क) आवेदकको नाम र ठेगाना :

ख) सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं :

ग) कार्यक्रम संचालन हुने स्थान :

घ) संचालन गरेको व्यवसाय :

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

ङ) संचालन गरिने क्रियाकलापको विवरण :

| क.स. | क्रियाकलापको विवरण | परिमाण (संख्या, गोटा आदि) | अनुमानित लागत रु | | कुल रकम | सम्पन्न गर्न लाग्ने समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | आफूले व्यहोर्ने | माग गरिएको | | |
| अ) | पुंजीगत कार्यहरु | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

च) प्रस्तावित कार्यक्रम संचालनबाट प्राप्त हुने उपलब्धिहरु (भौतिक संरचना विकास/सुधार, मासिक विक्री हुने पदार्थको परिमाण (रकम समेत उल्लेख गर्ने), रोजगारी सृजना, आदि):

| क.सं. | विवरण | एकाई | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | हालको अवस्था | कार्यक्रम संचालन पश्चातको अवस्था | |
| अ) | भौतिक संरचना विकास/सुधार | | | | |
| | | | | | |
| | | | | | |
| आ) | मासिक विक्री हुने पदार्थको | | | | |
| | परिमाण | | | | |
| | रकम | | | | |
| इ) | रोजगारी सृजना (एकाघरको बाहेक) | | | | |
| ई) | अन्य उपलब्धिहरु | | | | |
| जम्मा | | | | | |

छ) बजारीकरण (दूध संकलन/वध गर्नका लागि पशुपन्छीको स्रोत के हो र दूध/मासुको विक्रि वितरण कसरी हुन्छ) बारे खुलाउने :

ज) नयाँ सोच तथा व्यवसायलाई दिगोरुपमा संचालन गर्ने भावी योजना :

झ) वातावरणमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरण गर्न के उपाय अवलम्बन गरिन्छ वा गरेको छ

<u>प्रस्तावकको</u>

नामः छापः

ठेगानाः

सम्पर्क व्यक्तिः दस्तखतः

मितिः

**४. संचालन गर्न सकिने क्रियाकलापहरु :**

क) स्वीकृत बजेटको परिधि भित्र रही बुँदा न ५ को खण्ड (क) देखि (ज) सम्मका कार्यहरुको निर्माण वा सुधार वा सामाग्री खरीद गर्न अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

**५. न्यूनतम पूर्वाधार र शर्तहरु :**

निर्माण/सुधार हुने माछा (जिउँदो समेत)/ मासु वा डेरी पसलमा निम्नानुसारका पूर्वाधारको व्यवस्था गर्न सकिनेछ।

क) भित्तामा ६ फिटसम्म सेतो टाइल लगाइएको र भूईमा नचिप्लिने, पानी नजम्ने र सजिलै सफा गर्न मिल्ने गरी सेतो टायल वा मार्बल लगाएको।

ख) चिस्यानका लागि डिस्पले रिफ्रिजेरेटर वा डिपफ्रिज राखेको।

ग) स्टेनलेस स्टिलबाट बनेको औजार तथा उपकरणको व्यवस्था गरेको।

घ) पसल हावादार र प्रशस्त प्रकाश व्यवस्था भएको तर झिंगा तथा अन्य जिवजन्तु नपस्ने गरी जाली वा ढोका लगाएको।

ङ) स्वच्छ पानीको व्यवस्था भएको, फोहर व्यवस्थापन गरेको र पसलमा धुलो मैलो नहुने र पानी नचुहिने बनाएको।

च) बिजुलीको वैकल्पिक व्यवस्था (जेनेरेटर वा सोलार) गरेको ।

छ) गुणस्तर तथा नापतौल विभागबाट प्रमाणित इलेक्ट्रिक ब्यालेन्स राखेको।

ज) जिंउदो माछा पसलको हकमा माछा राख्ने ट्याङकी कम्तिमा ५ फिट लम्बाइ, ३.५ फिट चौडाइ र ३ फिट उचाइ भएको। ट्याङकीको कम्तिमा आधा भाग सफा पानीले भरिएको र फोहराको व्यवस्था भएको।

झ) पसलमा काम गर्ने व्यक्तिले एप्रोन, गमबुट, मास्क, हेड कभर र ग्लोब लगाएको।

ञ) विभिन्न प्रकारका पशुको मासु छुट्टा छुट्टै राखी बिक्री वितरण गरेको।

ट) प्रचिलत कानूनले बन्देज लगाएका र गुणस्तरहीन माछामासु र दूध तथा दुग्धजन्य पदार्थ विक्री नगर्ने गरेको।

ठ) माछामासु टुक्राउने अचानो सफा र प्रयोग नभएका वखत छोपेर राख्ने गरेको।

ड) मानव स्वास्थ्यमा नकारात्मक असर गर्ने र माछामासु र दूध तथा दुग्धजन्य पदार्थको गुणस्तरमा ह्रास ल्याउने किसिमका हानिकारक रसायनिक पदार्थको प्रयोग नहुने गरेको।

ढ) माछा बाहेकको हकमा मासु पसलमा पशुपन्छी बध गर्ने कार्य नगरेको।